# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनगढी,कैलाली
सुदूरपश्चिम प्रदेश,नेपाल

**बिषय : गौशाला व्यवस्थापनमा सहकार्यको लागि प्रस्ताव आह्वान गरिएको सम्बन्धी सूचना ।**

**(प्रथम पटक प्रकाशित मितिः २०७७/१०/०७ गते)**

यस उप-महानगरपालिकाको क्षेत्रभित्र बेवारिसे रुपमा सडक तथा सार्वजनिक स्थानमा जथाभावी विचरण गर्ने गाईबस्तुहरु (चौपाया) लाई गौशाला (पशु सेवा शाला)मा व्यवस्थितरुपमा पालन, हेरचाह गर्न ईच्छुक र सनातन धर्मको मूल्य मान्यता र नेपालको प्रचलित कानून बमोजिम राष्ट्रिय जनावर गाईलाई पूजा, सम्मान गर्ने आस्था भएका संस्था मार्फत गौशाला व्यवस्थापनमा नगर कार्यपालिकाको कार्यालयले सहकार्य गर्ने भनि मिति २०७७/०७/२७ गते को ५४ औं नगरकार्यपालिका बैठकबाट भएको निर्णय मुताबिक गौशाला सञ्चालन गरिरहेका/गर्न ईच्छुक संस्थाहरु ले तपसिलका शर्त भित्र रही यो सूचना प्रकाशित भएको मिति ले १५ (पन्द्र) दिन भित्र प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

### तपसिल

- प्रस्तावक गौशाला सञ्चालन गरिरहेको वा गौशालाका लागि आवश्यक भौतिक पूर्वाधार निर्माण गरेको हुनु पर्ने छ ।
- उप-महानगरपालिका क्षेत्रका सडक तथा सार्वजनिक स्थलमा रहेका/भेटिने बेवारिसे गाई गोरु (चौपाया) लाई गौशालामा पुऱ्याई पालन पोषण गर्ने हुनु पर्ने छ ।
- सहकार्य गर्ने संस्थाले सडक तथा सार्वजनिक स्थलमा गाई गोरु (चौपाया) बेवारिसे नहुने व्यवस्थाको सूनिश्चितता गर्नु पर्नेछ ।
- गहुत, गोबर, दुध आदि बिक्रि गरी हुने आम्दानी सम्बन्धित संस्थाको हुनेछ ।
- पशु दानापानी, घास पराल खुवाउने, उचित हेरचाह गर्नु पर्ने छ ।
- गौशाला सञ्चालनका लागि नगरपालिका कार्यालयले बार्षिक रु.२० (बीस) लाख रकम ४ किस्तामा बिभाजन गरी सञ्चालन अवस्थाको अनुगमन गरि भुक्तानी दिने छ ।
- उप-महानगरपालिकाको वडा नं. ७ को देवहरियामा रहेको सिमित व्यवस्थापनको गौशालामा नगरकार्यपालिकाको तर्फबाट व्यवस्थापन गरिएका गाईको समेत व्यवस्था गर्नु पर्ने छ । उक्त स्थानमा हेरालु राखिएका व्यक्तिहरुलाई निजहरुले चाहेमा काममा लगाउनु पर्नेछ ।
- यस नगरकार्यपालिका कार्यालयको अनुदानमा सहकार्य गर्दा अन्य संघ, संस्था, दाताबाट थप जिन्सी वा नगद सहायता प्राप्त गर्न कुनै बाधा पर्ने छैन । सहकार्य गर्ने संस्थाले आफ्नो बार्षिक हिसाव नगरकार्यपालिकाको कार्यालयमा पेश गरि आ.ले.प. गराउनु पर्नेछ ।

# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धनगढी,कैलाली
सुदूरपश्चिम प्रदेश,नेपाल

- प्रस्तावकले आफ्नो अध्यावधिक कानूनी कागजात, गौशाला सञ्चालन गर्ने पद्धति, प्रकृया, ढाँचा र अवधि सम्बन्धमा प्रस्तावमा खुलाउनु पर्नेछ ।
- नगर कार्यपालिकाको थप दायित्व माग भएका शर्त सहितको प्रस्ताव ग्राह्य हुने छैन ।
- कुनै पनि प्रस्ताव स्वीकृत र अस्वीकृत गर्ने अधिकार नगर कार्यपालिकाको कार्यालयमा निहित रहने छ ।

......................

जगन्नाथ पन्त
प्रमुख प्रशासकीय अधिकृत

श्रीमान नगर प्रमुखज्यू
यसै अनुसारको प्रक्रिया
स्वीकृतार्थ आगाडी बढाउन लागि पेश गरेको छु ।
2080/10/5

प्रमुख प्रशासकीय अधिकृत

नृप बहादुर वड
नगर प्रमुख